# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ, प्रदेश नम्बर १, नेपाल ।


पत्र संख्याः २०७७।०७८ मितिः २०७७।०५।२३

चलानी नम्बरः ३९९

विषयः करार सेवामा मेडिकल अधिकृत पद माग गरिएको सूचना।

सिरीजङ्घा गाउँ कार्यपालिकाको मिति २०७७।०५।२२ गते बसेको बैठकले नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "स्वास्थ्य संस्थामा रिक्त रहेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" बमोजिम प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोकको लागि एक (१) जना मेडिकल अधिकृत करार सेवामा नियुक्त गर्ने भनी निर्णय गरेकाले इच्छुक योग्यता प्राप्त नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र आवेदन दस्तुर वापत् एक हजार रुपैंया राजस्व तिरेको रसिद सहित गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकमा आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | करार सेवामा माग गरिएको पदको विवरण | माग पद संख्या | उपलब्ध गराइने न्युनतम सेवा सुविधा | करार अवधि |
|---|---|---|---|---|
| ०३।०७७।७८ | मेडिकल अधिकृत (आठौं तह) | १ | नेपाल सरकारले अधिकृत आठौं तहको कर्मचारीलाई उपलब्ध गराउने मासिक सेवा सुविधाका अतिरिक्त गाउँपालिकाले मासिक थप पचास हजार रुपैंया रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइने। | स्थायी मेडिकल अधिकृत हाजिर नभएसम्म वा बढीमा आ.व.२०७७।०७८ सम्म। |

आवेदकको न्युनतम योग्यताः

१. एक्काइस वर्ष उमेर पूरा भई पैंतालीस वर्ष ननाघेको,
२. मान्यताप्राप्त शिक्षण संस्थाबाट MBBS कोर्ष उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता र नवीकरण भएको,
३. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,
४. नेपाली नागरिक,
५. प्रचलित कानून बमोजिम अयोग्य नभएको।

द्रष्टव्यः आवेदकको छनोट नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "स्वास्थ्य संस्थामा रिक्त रहेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" बमोजिम हुनेछ। र, यस विषयमा थप जानकारी यस कार्यालयका स्वास्थ्य संयोजक श्री संजीव सिंह (सम्पर्क नम्बर ९८६२००६२३७) मा बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

२०७७।५।२३